आज मिति २०८०।१२।०८ गते विहिवारका दिन भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको सभाहलमा सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियानको अह्वानमा भइरहेको सघर्षका कार्यक्रमको सन्दर्भमा संघर्षरत पक्षसँग वार्ता एवं छलफल गरी समस्याको समाधानार्थ गठित वार्ताटोलीका संयोजक श्री कृष्ण प्रसाद सापकोटाज्यूको संयोजकत्वमा देहायका पदाधिकारी तथा आन्दोलनरत पक्षका प्रतिनिधिहरुको उपस्थितिमा निम्नानुसारको छलफल भई निम्नानुसार गर्ने निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| संयोजक- श्री कृष्ण प्रसाद सापकोटा | -भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय |
| सह-संयोजक- श्री पिताम्वर घिमिरे- | सहकारी विभाग |
| सदस्य- नारायणप्रसाद भट्टराई | गृह मन्त्रालय |
| सदस्य- देवनारायण पौडेल | अर्थ मन्त्रालय |
| सल्लाहकार- सर्वेन्द्र खनाल | सहकारी वचतकर्ता संरक्षण राष्ट्रिय अभियान |
| प्रतिनिधि-कुशलभ केसी | सहकारी वचतकर्ता संरक्षण राष्ट्रिय अभियान |
| प्रतिनिधि- पुरुषोत्तम कार्की | सहकारी वचतकर्ता संरक्षण राष्ट्रिय अभियान |
| प्रतिनिधि- आनन्दवीर वज्राचार्य | सहकारी वचतकर्ता संरक्षण राष्ट्रिय अभियान |
| प्रतिनिधि- उज्जल सत्याल | सहकारी वचतकर्ता संरक्षण राष्ट्रिय अभियान |
| प्रतिनिधि- भीमकुमार श्रेष्ठ | सहकारी वचतकर्ता संरक्षण राष्ट्रिय अभियान |
| प्रतिनिधि- यादव गौतम | सहकारी वचतकर्ता संरक्षण राष्ट्रिय अभियान |
| सदस्य-सचिव- श्री विष्णु पौडेल | भूमि व्यवस्था, सहकरी तथा गरिवी निवारण मन्त्रालय |

निर्णयहरुः

१. संघर्षरत पीडित पक्षले माग गरेका एवं हाल समस्या देखिएका सहकारी संस्थाहरुको निरीक्षण अनुगमन एवं हिसावजाँच गर्ने । यसरी जाँच गर्दा समस्यामा देखिएका सहकारीहरुको पहिचान गरी त्यस्ता सहकारी संस्थाहरुलाई समस्याग्रस्त सहकारीको रुपमा घोषणा गर्नुपर्ने भएमा विस्तृत विवरण सहित सरकार समक्ष सिफारिश गर्नको लागि पीडित संघर्षरत बचतकर्ता समेतको प्रतिनिधित्व हुने गरी एक स्वतन्त्र, अधिकार सम्पन्न समिति गठन गर्ने र सो समितिको सिफारिसमा त्यस्ता सहकारी संस्थालाई सरकारले समस्याग्रस्त सहकारी घोषणा गरी एकद्वार प्रणाली मार्फत त्यस्ता सहकारीको सम्पत्ति र दायित्वको फरफारक गरी बचतकर्ताको बचत फिर्ता गर्ने प्रक्रिया अबिलम्ब थालनी गर्ने ।

२. मौजुदा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमा जनशक्ति, स्रोतसाधन लगायत संस्थागत क्षमताको सुदृढिकरण गरी यसरी घोषणा गरिएका समस्याग्रस्त सहकारी संस्थाको सम्पत्ति र दायित्वको व्यवस्थापन तथा बचत फिर्ताको कारवाही यथासीघ्र सम्पन्न गर्ने ।

३. समिति सिफारिसमा सहकारी ऐन, २०७४ को दफा १२२ बमोजिम कसुर गर्ने सहकारीका सञ्चालक, व्यवस्थापक र संलग्न कर्मचारीहरुलाई कानून बमोजिम तत्काल कारवाहीको दायरामा ल्याउने ।

४. सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० ले दिएका सुझावहरु तत्काल कार्यान्वयनमा लैजान निम्न संरचनाहरु स्थापना गर्ने कार्य तत्काल अघि बढाउने ।

क. बचत तथा कर्जा सुरक्षण कोष,

ख. कर्जा सुचना केन्द्र,

ग. कर्जा असुली न्यायाधिकरण ।

५. सहकारी क्षेत्रमा देखिएका समस्याहरुलाई संम्बोधन गर्ने गरी राष्ट्रिय सहकारी नीतिमा परिमार्जन गर्ने । सोही परिदृष्यमा सहकारी ऐन तथा नियमावलीमा सहकारी क्षेत्रबाट पिडितहरुको माग लगायतका विषयहरु संम्बोधन गर्ने गरी तत्काल ऐन, नियमावली संशोधनको प्रकृया यथासिघ्र अघि बढाउने ।

६. वित्तीय सहकारी क्षेत्रको नियमन तथा सुपरिवेक्षणका लागि स्वतन्त्र, स्वायत्त र प्रभावकारी नियमनकारी निकाय तत्काल गठन गर्न कानून तर्जुमा प्रकृया अघि बढाउने ।

७. सहमति कार्यान्वयनको अवस्था दुवैपक्ष वीच निरन्तर आदान-प्रदान गर्ने ।

अध्यक्ष [illegible] आमरण अनशन समेत

८. सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियानको तर्फबाट हालसम्म संचालित आन्दोलनका कार्यक्रमहरु स्थगित गर्ने ।